श्री

# उदयपुर जिल्ला अदालतबाट जारी भएको

## दशीका जिन्सी सामान फिर्ता लिन आउने बारेको

## जरुरी सूचना

*सूचना प्रकाशित मिति २०७५/०८/१२*

बिभिन्न मितिमा बिभिन्न मुद्दाहरुमा दशी स्वरुप यस अदालतमा दाखिल हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका सबारी साधन बाहेकका जिन्सी सामानहरुको ब्यबस्थापन गर्नु पर्ने भएकोले कानून र अन्तिम फैसलाले फिर्ता दिने ठहर भएका जिन्सी सामानहरु फिर्ताको लागि यो सूचना प्रकासित भएका मितिले प्रमाण सहित ७ दिन भित्र यस अदालतमा आउनु होला नआएमा कानून बमोजिम लिलाम हुनेछ । साथै फैसलामा केही उल्लेख नभएको, जफतको दाबी समेत नभएका दशीको सामानहरुको हकमा त्यस्ता सामानहरु फिर्ता लैजान चाहे आफ्नो हक पुग्ने प्रमाण सहित यो सूचना प्रकाशित भएका मितिले ७ दिन भित्रमा सम्बन्धित ब्यक्तिहरुले यस अदालतमा दाबी गर्न आउनु होला । यसरी फिर्ता लिन नआए मुल्याङकन समितिको निर्णय बमोजिम मुल्याङकन गरी त्यस्ता दशीका सामान सामानहरु जिल्ला अदालत नियमावली २०७५ को नियम ९२ बमोजिम लिलाम बिक्री गरी रकम धरौटीमा आम्दानी बाँधिने र धरौटीमा आम्दानी बाँधिएको उक्त रकम ऐनका म्याद भित्र फिर्ता लिन नआए राजस्वमा दाखिल भई जाने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि मिति २०७५/०८/१२ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ ।

२०७५/८/१४

कुलबहादुर खत्री

तहसिलदार